# कृषि तथा पशु विकास सहकारी संस्थाका व्यवस्थापक र कर्मचारीको प्रोत्साहन सुविधा सम्बन्धि कार्यविधि, २०८०

## शितगंगा नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# प्रस्तावना

शितगंगा नगरपालिका क्षेत्रभित्रका कृषि तथा पशु विकाश सहकारीहरुको वृद्धि विकास र प्रोत्साहान को लागि यो कार्यविधि बनाउन बाञ्छनिय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाको २०८०/०१/०८ गते बसेको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नामः-** यस कार्यबिधिको नाम शितगंगा नगरपालिकाको कृषि तथा पशु विकास सहकारी संस्थाका व्यवस्थापक र कर्मचारीको प्रोत्साहन सुविधा सम्बन्धि कार्यबिधि रहने छ ।

२. **प्रारम्भः-** यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद -२

## परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “नगर उप- प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको उप- प्रमुख सम्झनु पर्दछ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनु पर्दछ ।

घ) “सहकारी शाखा भन्नाले" शितगंगा नगरपालिका अन्तर्गत रहेको सहकारी शाखा सम्झनु पर्दछ ।

ङ) “सहकारी" भन्नाले शितगंगा नगरपालिका क्षेत्राधिकार भित्रका कृषि तथा पशु विकास सहकारीहरुलाई सम्झनु पर्दछ ।

च) “वडा" भन्नाले शितगंगा नगरपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) “प्रोत्साहन सुविधा” भन्नाले कृषि तथा पशु विकास सहकारीमा कार्यरत व्यवस्थापक र कर्मचारीलाई नगरपालिकाले उपलब्ध गराउने सुविधालाई सम्झनु पर्दछ ।

# परिच्छेद — ३

# प्रोत्साहन सुविधा दिने व्यवस्था

क) यस नगर क्षेत्र भित्र संचालित कृषि तथा पशु विकास सहकारी संस्थामा कार्यरत १/१ जना व्यवस्थापक र कर्माचारीलाई प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ ।

ख) परिच्छेद ३ को (क) बमोजिम प्रोत्साहन सुविधा प्राप्त गर्न देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

१. सहकारी संस्था दर्ता नविकरण भएको,

२. कर चुक्ता गरेको,

३. सहकारीको वार्षिक लेखा परिक्षण गरेको,

४. ब्वस्थापक र कर्मचारी नियुक्तिको निर्णय

५. कर्मचारी र व्यवस्थापक को नियुक्ति पत्र,

६. प्रोत्साहान सुबिधा उपलब्ध गराउने सिफारिस ,

७. वडा सिफारिस,

८. परिच्छेद ४ बमोजिम गठन भएको समितिको बैठकको निर्णय ।

# परिच्छेद—४

# व्यवस्थपान समिति

क) प्रोत्साहन सुविधा उपलब्ध गराउन नगरपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

१) नगर उपप्रमुख - संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३) सहकारी शाखा हेर्ने शाखा प्रमुख — सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म बिषय बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

# परिच्छेद-५

# अनुगमन तथा मुल्यांकन

क) यस कार्य विधि अनुरुप उपलब्ध गराउने प्रोत्साहन सुविधाको सम्बन्धमा सम्बन्धित सहकारी तथा ब्यवस्थापक र कर्मचारीहरुको कार्य प्रगतिको अनुगमन तथा मुल्याकंन गरि आवश्यकता र औचित्यताको सम्बन्धमा आवश्यक सुझाव दिन सक्नेछ।

# परिच्छेद-६

# संशोधन तथा परिमार्जन

नगरकार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

# परिच्छेद-७

# खारेजी तथा बचाउ

यो कार्यविधि प्रचलित नेपाल कानून, प्रदेश कानून र शितगंगा नगरकार्यपालिका कानूनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

प्रमाणिकरण मितिः

आज्ञाले

झबिन्द्र खनाल

प्रमुख प्रशासकीय अधिकृत